## सूचना ३

### जनकपुर अञ्चल अस्पताल विकास समिति (गठन) आदेश, २०४५

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस आदेशको नाम "जनकपुर अञ्चल अस्पताल विकास समिति (गठन) आदेश, २०४५" रहेको छ ।

१.२ यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा "अस्पताल" भन्नाले जनकपुर अञ्चल अस्पताल सम्झनुपर्छ ।

३. समितिको गठनः

३.१ जनकपुर अञ्चल अस्पताल विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

३.२ उप-दफा ३.१ बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्ः–

३.२.१ श्री ५ को सरकारद्वारा मनोनीत व्यक्ति – अध्यक्ष

३.२.२ प्रमुख जिल्ला अधिकारी, धनुषा जिल्ला – सदस्य

३.२.३ श्री ५ को सरकारद्वारा विशेषज्ञ डाक्टरहरूमध्येबाट मनोनीत बढीमा तीन जना – सदस्य

३.२.४ श्री ५ को सरकारद्वारा समाजसेवी र बुद्धिजीवीहरूमध्येबाट मनोनीत बढीमा तीन जना – सदस्य

३.२.५ प्रधानपञ्च, जनकपुर नगर पञ्चायत – सदस्य

३.२.६ अध्यक्ष, नेपाल रेडक्रस सोसाइटी, धनुषा – सदस्य

३.२.७ अध्यक्ष, उद्योग वाणिज्य संघ, धनुषा – सदस्य

३.२.८ मेडिकल सुपरिन्टेन्डेन्ट, जनकपुर अञ्चल अस्पताल – सदस्य-सचिव

३.३ उप-दफा ३.२.१, ३.२.३ र ३.२.४ बमोजिमका मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

३.४ श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरू थप-घट गर्न वा हेरफेर गर्न सक्नेछ ।

३.५ समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

५६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. **समितिको काम, कर्तव्य र अधिकारः**

४.१ विभिन्न क्षेत्रबाट चन्दा वा सहायता उपलब्ध गराई अस्पतालको चिकित्सा स्तर र सेवामा अभिवृद्धि गरी अस्पताललाई स्वावलम्बी बनाई अस्पतालको विकास गर्नु समितिको कर्तव्य हुनेछ ।

४.२ उप-दफा ४.१ मा उल्लिखित कर्तव्य पालनको लागि समितिले देहायका कामहरू गर्न सक्नेछः–

४.२.१ अस्पतालको विकास सम्बन्धमा व्यवस्था गर्ने ।

४.२.२ अस्पतालको विस्तार, निर्माण र मर्मत गर्ने ।

४.२.३ अस्पतालको सेवाको सुधार र विस्तारको लागि आवश्यक साधन र सुविधाको व्यवस्था गर्ने ।

४.२.४ अस्पतालको लागि आवश्यक प्राविधिक तथा प्रशासनिक पद सृजना गरी श्री ५ को सरकार स्वास्थ्य मन्त्रालय वा चिकित्सा शास्त्र अध्ययन संस्थानबाट कर्मचारीहरू काजमा लिने वा समितिले आफ्नै स्रोतबाट तलब भत्ता दिने गरी करार सेवामा नियुक्त गर्ने ।

४.२.५ श्री ५ को सरकारको स्वीकृति लिई अन्तर्राष्ट्रिय संस्थाहरूबाट सहायता प्राप्त गर्ने ।

४.२.६ बालस्वास्थ्य तालीम कार्यक्रम सञ्चालन गर्ने र उक्त कार्यक्रममा आवश्यक सहयोगको लागि चिकित्सा शास्त्र अध्ययन संस्थानलाई अनुरोध गर्ने ।

४.२.७ वहिरङ्ग (आउट पेसेन्ट) चिकित्सा सेवा तथा प्रयोगशाला र अन्य सेवा शुल्क निर्धारण गर्ने ।

४.२.८ निःशुल्क तथा शुल्क लाग्ने शैयाहरूको संख्या र त्यसको शुल्कको दर निर्धारण गर्ने ।

४.२.९ अस्पताल सञ्चालनसंग सम्बन्धित विषयमा समितिले सिफारिश गरेका उमेदवारहरूलाई उच्च तालीमको निमित्त ग्राह्यता दिन श्री ५ को सरकारलाई अनुरोध गर्ने ।

४.२.१० अस्पतालको वार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्ने ।

४.२.११ उपरोक्त कामहरूको कार्यान्वियनका लागि अन्य आवश्यक कार्यहरू गर्ने गराउने ।

५. **समितिको बैठक र निर्णयः–**

५.१ समितिको बैठक समितिको अध्यक्षले तोकेबमोजिम बस्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.२ समितिका एक-तिहाई सदस्यहरूले बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले बैठक बोलाउनु पर्नेछ ।

५.३ समितिको अध्यक्षको पद रिक्त रहेको अवस्थामा वा अध्यक्षको अनुपस्थितिमा समितिको सदस्य-सचिवले आवश्यकतानुसार समितिको बैठक बोलाउन सक्नेछ ।

५.४ समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५.५ समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको सदस्यहरूले छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

५.६ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

५.७ समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

५.८ समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ ।

५.९ कम्तिमा वर्षको तीन पटक समितिको बैठक बस्नु पर्नेछ ।

६. <u>समितिको कोषः</u>

६.१ समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको खर्च सो कोषबाट व्यहोरिनेछः—

६.१.१ श्री ५ को सरकारबाट अस्पतालका कर्मचारीको निमित्त तलब भत्ताको लागि प्राप्त रकम ।

६.१.२ श्री ५ को सरकारबाट अस्पताल सञ्चालनको लागि प्राप्त अनुदान रकम ।

६.१.३ अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम ।

६.१.४ अस्पतालले प्रदान गरेको विभिन्न सेवाबाट प्राप्त रकम ।

६.१.५ विभिन्न व्यक्तिहरूबाट प्राप्त रकम ।

६.१.६ अन्य स्रोतबाट प्राप्त रकम ।

६.२ श्री ५ को सरकार वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त भएको छ सो रकम सोही कार्यक्रममा खर्च गर्नु पर्नेछ ।

६.३ समितिको कोषको सञ्चालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. लेखापरीक्षणः

७.१ समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ ।

७.२ समितिको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।

७.३ श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत समितिको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ ।

८. कर्मचारीसम्बन्धी विशेष व्यवस्थाः

८.१ अस्पतालको दरबन्दीमा काम गरिरहेका श्री ५ को सरकारको कर्मचारीहरूले समितिको निर्देशनमा काम गर्नेछन् र निजहरूले समितिबाटै तलब भत्ता र अन्य सुविधा पाउनेछन् ।

८.२ अस्पतालमा रहेका श्री ५ को सरकारको कर्मचारीलाई श्री ५ को सरकारले अन्यत्र काज खटाउनु परेमा वा सरुवा गर्नु परेमा समितिलाई जानकारी दिई गर्नु पर्नेछ ।

८.३ अस्पतालमा रहेका श्री ५ को सरकारको कर्मचारीहरूको सरुवा, बढुवा, तलब भत्ता तथा अन्य सुविधा र विभागीय कारवाही तथा सजाय श्री ५ को सरकारको नियमानुसार हुनेछ ।

८.४ अस्पतालमा रहेका श्री ५ को सरकारको कर्मचारीलाई निजले अस्पतालमा विशेष सेवा प्रदान गरे बापत समितिले विशेष भत्ता दिन सक्नेछ ।

८.५ अस्पतालमा रहेका श्री ५ को सरकारको कर्मचारीलाई सरुवा वा फिर्ता गर्नु परेमा सो गर्न परेको स्पष्ट कारण खुलाई र विभागीय कारवाही गर्नु परेमा सो कर्मचारीउपर कुनै आरोप लागेको भए सो आरोप कुन कुरा र कारणहरूमा आधारित छ सो स्पष्ट खुलाई समितिले श्री ५ को सरकार समक्ष सिफारिश पेश गर्नु पर्नेछ ।

८.६ अस्पतालमा रहेका श्री ५ को सरकारको कर्मचारीलाई अध्ययन बिदा र असाधारण बिदाबाहेक अरू नियमानुसार पाउने बिदा समितिले दिन सक्नेछ ।

९. अधिकार प्रत्यायोजनः समितिले आफूलाई प्राप्त अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिव वा सदस्यहरूको उप-समिति वा कुनै अधिकृतलाई आवश्यकता अनुसार प्रत्यायोजन गर्न सक्नेछ ।

१०. नियमहरू बनाउन सक्नेः समितिले आफ्नो कार्य सञ्चालनको लागि श्री ५ को सरकारको स्वीकृति लिई नियमहरू बनाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।